# खाद्य सुरक्षा बैठक सकियो

काठमाडौं (कास)- दक्षिण एसियामा खाद्य असुरक्षा सम्बोधनका लागि नागरिक समाज मञ्चको दुईदिने परामर्श बैठकले यस क्षेत्रका सरकारलाई विभिन्न सुझाव दिँदै शुक्रवार सम्पन्न भएको छ ।

बैठकले आगामी मार्च ३ मा बंगलादेशको ढाकामा हुने सार्क कृषिमन्त्रीहरूको बैठकलाई उक्त सुझाव दिएको हो । बैठकमा बंगलादेश, नेपाल, पाकिस्तान, भारत, श्रीलंकाका ४५ सहभागी थिए । दक्षिण एसियामा खाद्य सुरक्षाको बिग्रँदो अवस्थाबारे चिन्ता व्यक्त गर्दै बैठकले विभिन्न छ खण्डमा सुझाव दिएको छ । यसमध्ये जलवायु परिवर्तन, कृषि तथा खाद्य सुरक्षा, खाद्य व्यापारमा क्षेत्रीय सहयोग, सार्क खाद्य बैंक, कृषक अधिकार, प्रविधि हस्तान्तरण, बीउ बैंकलगायत विषयमा सुझाव दिइएको हो ।

जलवायु परिवर्तनका कारण कृषिमा देखिएका परिवर्तनलाई कार्यान्वयन गर्न क्षेत्रीयस्तरमा अनुसन्धान गरी कमीकमजोरी हटाउन सुझाव दिइएको छ । त्यस्तै निर्यातमा रहेका अवरोधहरू हटाई सार्क सदस्य राष्ट्रका लागि सहज बाटो बनाइदिन पनि सहभागीहरूले जोड दिए ।

आकस्मिक अवस्था र प्राकृतिक प्रकोपका बेला निर्यातमा समस्या हुने भएकाले यस्ता समस्यालाई समेत ध्यानमा राख्नुपर्ने बताइएको छ ।